बारा जिल्लाको परवानीपुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायीक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३३ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ फाल्गुण ५ गतेदेखि ७ गतेसम्म बारा जिल्लाको क्षेत्रिय कृषि अनुसन्धान केन्द्रमा **"व्यवसायीक तरकारी खेती तालिम"** सम्पन्न गरेको संस्थाका परवानीपुर शाखा कार्यालयका शाखा प्रमुख श्री नन्दुनाथ कवंरयोगीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु डा. टेक प्रसाद गोतामे र श्री जंग बहादुर प्रसाद साह रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नतातिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यालय बिरगंजका कार्यक्रम अधिकृत श्री राधेश्याम सहनीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको परवानीपुर शाखा कार्यालयका प्रमुख श्री नन्दुनाथ कवंरयोगीले प्रकाश पारेका थिए ।

तालिममा लहरे तरकारी खेती प्रविधि, हिउदे तरकारी बाली खेती, काउली समुहको खेती प्रविधि, जरे तरकारी खेती प्रविधि, सागबाली तरकारी खेती प्रविधि, तरकारी नर्सरी बनाउने

तरीका, बिउ समुह, माटो परिक्षण विधि, तरकारी बालीमा मलको प्रयोग विधि, पंगारीक मल बनाउने प्रविधि र प्रयोग गर्ने तरीका, तरकारी बाली बेच बिखन तथा बजार व्यवस्थापन, तरकारी बालीमा लाग्ने रोग तथा किराहरुको जानकारी र बिषाधीको प्रयोग गर्ने विधि र च्याउ खेती सम्बन्धी विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने परवानीपुर शाखाका शाखा प्रमुख श्री नन्दुनाथ कवंरयोगीले बताएका थिए ।

यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५  पौष मसान्तसम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ। संस्थाले २०७५ पौष मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । तरकारी खेती गरीरहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका परवानीपुर शाखाका शाखा प्रमुख श्री नन्दुनाथ कवंरयोगीले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री शान्ती चौरसिया, सहभागी श्री अमित कुमार गुप्ताले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा तरकारी खेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारी खेती गरी रहेका गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय कार्यालय बिरगंजका कार्यक्रम अधिकृत श्री राधेश्याम सहनीले जानकारी गराएका थिए । तालिमको संचालन परवानीपुर शाखाका शाखा प्रमुख श्री नन्दुनाथ कवंरयोगी तथा लेखापाल श्री जमाल अहमद खानले गरेका थिए ।